नेपाल सरकार
उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय
# उद्योग विभाग
(औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको सचिवालय)

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

प .सं. औ.ल.प्र.२०७७।७८
च.नं. ११६२

मितिः २०७८।०१।१५

विषयः औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
(प्रदेश १, विराटनगर/ प्रदेश २, जनकपुरधाम/ बागमती प्रदेश, हेटौंडा/ गण्डकी प्रदेश, पोखरा/ लुम्बीनी प्रदेश, बुटवल/ कर्णाली प्रदेश, सुर्खेत/ सुदुर पश्चिम प्रदेश,धनगढी ) ।

श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
(प्रदेश १, विराटनगर/ प्रदेश २, जनकपुरधाम/ बागमती प्रदेश, हेटौंडा/ गण्डकी प्रदेश, पोखरा/ लुम्बीनी प्रदेश, भैरहवा/ कर्णाली प्रदेश, सुर्खेत/ सुदुर पश्चिम प्रदेश,धनगढी ) ।

प्रस्तुत विषयमा मिति २०७८।०१।०३ गते माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टज्यूको अध्यक्षतामा बसेको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको २३४ औं बैठकबाट क्रसर तथा बालुवा प्रशोधन गर्ने उद्देश्यका नयाँ दर्ता तथा दर्ता भैसकेका उद्योगको नवीकरण, नामसारी, स्थानान्तरण, नाम परिवर्तन जस्ता प्रशासनिक कार्यहरू सम्बन्धमा भएको नीतिगत निर्णयको प्रतिलिपि (पाना-२) यसैसाथ संलग्न राखी तहाँ मन्त्रालय/निर्देशनालय र जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयबाट आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(मिलन कार्की)
शाखा अधिकृत

बोधार्थ : श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार ।

**निर्णय नं. ५**

क्रसर तथा बालुवा प्रशोधन गर्ने उद्देश्य भएका नयाँ दर्ता तथा दर्ता भइसकेका उद्योगको नवीकरण, नामसारी, उद्योगको स्थानान्तरण, नाम परिवर्तन जस्ता प्रशासनिक कार्यहरु सम्बन्धमा निम्नानुसारको नीतिगत व्यवस्था गर्ने ।

(क) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ प्रारम्भ हुन अगावै दर्ता भई संचालनमा रहेका ढुङ्गा, गिट्टी, बालुवा उत्पादन तथा प्रशोधन गर्ने उद्योगहरूले नवीकरण, नामसारी र नाम परिवर्तनका लागि आवेदन गरेमा त्यस्ता उद्योगहरूको लागि सम्बन्धित प्रदेश स्थित उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको संयोजकत्वमा सम्बन्धित जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय, डिभिजन बन कार्यालय, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि समेत रहने गरि समिति गठन गर्ने र सो समितिले स्थलगत निरीक्षण गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा बालुवा प्रशोधन सम्बन्धी कार्यविधि, २०७७ बमोजिमको प्रक्रिया पुगेको भए यस्ता उद्योगहरुको उक्त समितिको सिफारिसमा उद्योग दर्ता रहेका सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयले उद्योगको नवीकरण, नामसारी र उद्योगको नाम परिवर्तन गरिदिने।

(ख) साबिकमा दर्ता भएका उद्योगहरूले पूँजी तथा क्षमता वृद्धि, उद्देश्य थप, उद्योग स्थानान्तरणको स्वीकृतिका लागि परेका आवेदन उपर ढुङ्गा, गिट्टी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्था बमोजिम दूरी सम्बन्धी कागजातका साथै अन्य निकायहरूको सिफारिसका लागि (क) बमोजिम गठित समितिको प्रतिवेदन संलग्न गरी सम्पूर्ण सक्कल कागजात सहित उद्योग विभागमा पठाउने व्यवस्थाको लागि सम्बन्धित प्रदेश स्थित उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई जिम्मेवारी प्रदान गर्ने ।

(ग) नयाँ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा प्रशोधन गर्ने उद्योगहरूले दर्ता अनुमतिका लागि आवेदन गर्नु परेमा जिल्ला स्थित सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा आवेदन गर्न सक्ने । यसरी परेका निवेदनको सम्बन्धमा घरेलु कार्यालयबाट सम्बन्धित कार्यालयहरुमा समन्वय गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा बालुवा प्रशोधन सम्बन्धी कार्यविधि, २०७७ बमोजिमका कागजातहरु समावेश गरी अनुमतिका लागि उद्योग विभागमा सिफारिस गर्ने ।

(घ) क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योग एकै स्थानमा संचालन गर्न अनुमतिको लागि निवेदन पेश भएमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा बालुवा प्रशोधन सम्बन्धी कार्यविधि, २०७७ बमोजिमको प्रकृया पुरा गरी क्रसर उद्योगलाई मूल उद्योग र बालुवा प्रशोधन उद्योगलाई इकाई उद्योगको रुपमा अनुमती प्रदान गरि उद्योग दर्ता प्रकृया अगाडि बढाउने ।

(ङ) बोर्डबाट अनुमति प्राप्त गरिसकेका क्रसर उद्योगहरुको IEE स्वीकृत गर्नुपूर्व बन तथा वातावरण मन्त्रालयमा फायल पठाई स्थलगत निरीक्षण गरि सिफारिस भए पश्चात् IEE स्वीकृत गरी उद्योग दर्ता गर्ने हालको प्रावधानको कारण उद्योग दर्ता प्रक्रियामा विलम्ब एवं झन्झटिलो भएकोले प्रकृया सरलिकरणको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा उद्योग विभागले बन तथा वातावरण मन्त्रालयसँग छलफल गरी प्रक्रिया सरलीकरणको लागि आवश्यक निर्णयमा पुग्ने ।

(च) ढुङ्गा, गिट्टी लगायत क्रसर तथा बालुवा प्रशोधन गर्ने उद्योग स्थापनाको अनुमति प्रदान गर्दा देहायका विषयहरुमा समेत ध्यान दिनुपर्नेछः

१. क्रसर उद्योग स्थापनाको लागि आवश्यक जग्गा बालुवा प्रशोधन उद्योगलाई तोकिएको २० रोपनी (१०१७५ वर्गमिटर) भन्दा दोब्बर ४० रोपनी (२०३५० वर्ग मीटर) हुनुपर्नेछ । एकै स्थानमा क्रसर र बालुवा प्रशोधन

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय उद्योग विभाग अनुमती तथा दर्ता शाखा त्रिपुरेश्वर काठमाडौं

शाखा अधिकृत

उद्योग स्थापना गर्ने भएमा कम्तीमा बालुवा प्रशोधन उद्योगको तेब्बर ६० रोपनी (३०,५२५ वर्ग मिटर) क्षेत्रफल बराबरको जग्गा व्यवस्था गर्नुपर्नेछ ।

२. हदबन्दी भन्दा बढी जग्गा प्रयोग गर्नुपर्ने अवस्था भएमा प्रचलित कानून बमोजिम जग्गाको हदबन्दी छुटको स्वीकृति लिनुपर्नेछ ।

३. उद्योग स्थापना गर्दा भू-उपयोग नीति अनुकुल स्थापना गर्नुपर्नेछ ।

४. उद्योगको अनुमतिको लागि निवेदन पेश गर्दा उद्योग रहने स्थलको **Co-ordinates** (अक्षांश/देशान्तर) सहितको विवरण अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
अनुमति तथा दर्ता शाखा
त्रिपुरेश्वर काठमाडौं

शाखा अधिकृत